आज मिती २०८२ साल मंसिर २३ गते दिउँसो १:०० बजे गोकुलगंगा गाउँपालिकाको दोश्रो कार्यकालको ५४ औं कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री काजी बहादुर खड्काको अध्यक्षता तथा तपशिलका पदाधिकारीहरुको उपस्थितीमा बसी देहाय वमोजिमको विषयमा छलफल गरी निर्णय गरीयो ।

**तपशिल**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री काजी बहादुर खड्का | अध्यक्ष | | |
| २ | श्री उषा देवी कार्की | उपाध्यक्ष | | |
| ३ | श्री छत्र बहादुर वस्नेत | वडा नं. १, वडाध्यक्ष | | |
| ४ | श्री सुन्दर कुमार कार्की | वडा नं. २, वडाध्यक्ष | | |
| ५ | श्री नर विक्रम कार्की | वडा नं. ३, वडाध्यक्ष | | |
| ६ | श्री नबराज खड्का | वडा नं. ४, कार्यबाहक वडाध्यक्ष | | |
| ७ | श्री दिपक कार्की | वडा नं. ५, वडाध्यक्ष | | |
| ८ | श्री चन्द्र बहादुर सुनुवार | वडा नं. ६, वडाध्यक्ष | | |
| ९ | श्री दिर्घ माया खत्री | कार्यपालिका सदस्य | | |
| १० | श्री संगिता वि.क. | कार्यपालिका सदस्य | | |
| ११ | श्री मोहन मायाँ सुनुवार | कार्यपालिका सदस्य | | |
| १२ | श्री ज्ञान कुमारी थापामगर | कार्यपालिका सदस्य | | |
| १३ | श्री कैलाश सुनुवार | कार्यपालिका सदस्य | | |
| १४ | श्री मैना खड्का | कार्यपालिका सदस्य | | |
| १५ | श्री दिनेश भट्टराई | प्रमुख प्रशासकीय अधिकृत, सचिव | | |

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

## ५४ औं कार्यपालिका बैठकमा छलफल हुने विषयहरु:-

१. अघिल्लो कार्यपालिकाको बैठकका निर्णयहरुको समिक्षा गर्ने सम्बन्धमा ।

२. यस अघि अनुदान प्राप्त गर्ने फर्म/समुह/सस्था/उद्योगहरुको अनुगमन गर्ने सम्बन्धमा ।

३. किविफल प्रशोधन तथा भण्डारणको लागि पुर्वाधार निर्माण सहयोग कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।(कृषि विकास शाखा)

४. बालमैत्री शासन वडा पालिका घोषणा कार्यक्रम संचालन सम्बन्धमा । (महिला विकास शाखा)

५. अस्पताल व्यवस्थापन समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

६. विपद् व्यवस्थापन समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

७. एक घर एक धारा कार्यक्रमको रकम बाँडफाँड सम्बन्धमा ।

८. विविध सम्बन्धमा ।

## निर्णयहरु:-

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गरी अघिल्लो वैठकको निर्णय कार्यान्वयनको समीक्षा गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिकाका कार्यालयबाट अघिल्ला आर्थिक वर्षहरुमा कृषि विकास शाखा, पशुपंक्षी तथा मत्स्य विकास शाखा तथा उद्योग शाखा मार्फत विभिन्न कृषि तथा पशुपंक्षी फर्म, समुह लगायत उद्योग व्यवसाय गर्ने व्यवसायीहरुलाई व्यवसाय प्रवर्द्धन गर्ने/गराउने उदेश्यका साथ यस पालिकाबाट अनुदान रकम प्रदान गरिएकोमा सो अनुदान रकमको प्रभावकारिता तथा रकमको सदुपयोग गर्न आवश्यक भएकाले अनुदान अनुगमन गर्न गठित समिति तथा पुनः गठित समितिहरुबाट अनुगमन गर्ने/गराउने निर्णय सर्वसहमतीमा गरियो ।

काजी बहादुर खड्का
अध्यक्ष

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिकामा संघीय सशर्त अनुदान अन्तर्गत किविफल प्रशोधन तथा भण्डारणको लागि पुर्वाधार निर्माण सहयोग कार्यक्रम कार्यान्वयन तर्फ रु. पचास लाख बजेट विनियोजन भएको हुँदा सो रकमलाई बाँडफाड गरी स्थानीय स्तरमा व्यवसायिकं रुपमा खेति गर्ने किसानहरुका लागि रु. तीस लाखको काम प्रचलित कार्यविधि/निर्देशिका/मापदणड अनुसार साझेदारी मार्फत संचालनका लागि सूचना प्रकाशन गर्ने र बाँकि बजेट रकम रु. बीस लाख गाउँपालिकाबाट हालसालै निर्माण सम्पन्न भएको कोल्ड स्टोरमा आवश्यक पर्ने थप सामाग्री/संरचना व्यवस्थापनका लागि खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका कार्यालयको संघीय सशर्त अनुदान अन्तर्गत बालमैत्री शासन वडा पालिका घोषणा कार्यक्रम संचालनमा रु. दुई लाख बजेट विनियोजन भएकाले **बालमैत्री स्थानीय शासन कार्यान्वियन निर्देशिका,** २०७८ वमोजिम यस गाउँपालिकामा बालमैत्री स्थानीय शासन घोषणा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यहरु सम्बन्धित शाखाबाट अघि बढाउने निर्णय सर्वसहमतीले पारित गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका कार्यालयले संचालन गरिरहेको गोकुलगंगा अस्पतालको अस्पताल व्यवस्थापन समितिले विभिन्न मितिमा हाल सम्म गरेका बैठकका निर्णयहरुलाई यस कार्यपालिका बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

काजी बहादुर खड्का
अध्यक्ष

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका कार्यालयको वन वातावरण तथा विपद् व्यवस्थापन समितिले विपदमा परेका गाउँपालिका भित्रका व्यक्ति, समिति तथा विपद् तथा जोखिमयुक्त संरचना निर्माण गर्न गरेका आर्थिक सहयोग सम्बन्धीका मिति २०८२/०६/२३ गते देखि हाल सम्म गरेका बैठकका निर्णयहरुलाई यस कार्यपालिका बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका कार्यालयको खानेपानी तथा सरसफाई शाखा अन्तर्गत यस आर्थिक बर्षमा एक घर एक धारा निरन्तरता कार्यक्रम र सो कार्यक्रम कार्यान्वयनका लागि पाईप/फिटिङ्ग सामाग्री खरिदमा जम्मा बजेट रकम रु. ४४,६१,०००।— बिनियोजन भएकोमा पाईप/फिटिङ्ग सामाग्री खरिद तर्फ अनुमानित रु. १५ (पन्ध्र) लाख खर्च हुने देखिएको र बाँकी बजेट रकम रु. २९,६१,०००।— मध्येबाट यस पालिका भित्रका वडाहरुको माग र आवश्यकताका आधारमा एक घर एक धारा निर्माण कार्यक्रम कार्यान्वयन गर्न जम्मा बजेट रु. ३८,९५,०००।-रकम लाग्ने देखिएकाले तपशिल बमोजिमको अपुग रकम रु. ९,३४,०००।- हिउँदे सभामा विनियोजन गर्न सभा समक्ष पेश गर्ने निर्णय सर्बसहमतीमा पारित गरियो ।

**तपशिलः-**

**एक घर एक धारा निरन्तरता कार्यक्रमको बजेट बाँडफाँड विवरणः-**

| क.सं. | कार्यक्रमको नाम | सम्बन्धित वडा | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | एक घर एक धारा निरन्तरता चुचुरे | चुचुरे, मानेडांडा | १४,२०,०००।- | |
| २ | एक घर एक धारा निरन्तरता ठोसे | ठोसे | ४,१५,०००।- | |
| ३ | एक घर एक धारा निरन्तरता रस्नालु | रस्नालु | ६,००,०००।- | |
| ४ | एक घर एक धारा निरन्तरता बेताली | बेताली | ४,६०,०००।- | |
| ५ | एक घर एक धारा निरन्तरता नामाडी | नामाडी | ३,२५,०००।- | |
| ६ | एक घर एक धारा निरन्तरता फर्पु | फर्पु | ६,७५,०००।- | |
| | जम्मा रकम रु. | | ३८,९५,०००।- | अपुग रकम रु. ९,३४,०००।- |

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

## निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि विविध विषयमा छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका भित्रका आर्थिक रुपमा विपन्न देहायका नागरिकहरुले वडा कार्यालयको सिफारिस साथ आर्थिक रकम सहयोग गरिदनु भनी दिएको निवेदन अनुसार देहाय वमोजिम रकम आर्थिक सहयोग बापत प्रदान गर्ने निर्णय सर्वसहमतीमा पारित गरियो ।

तपशिलः-

| क्र.सं. | व्यक्तिको नाम | ठेगाना | प्रयोजन | सिफारिस रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | आकृति कार्की | गोकुलगंगा-५, नामाडी | ब्याडमिन्टन खेल प्रशिक्षणका लागि सहयोग | रु. ५०,०००।- | आर्थिक रुपमा विपन्न परिवार |
| २. | कैलाश सुनुवार | गोकुलगंगा-५, नामाडी | औषधी उपचार | रु. २३,०००।- | आर्थिक रुपमा विपन्न परिवार |
| ३. | साजन कार्की | गोकुलगंगा-६, फर्पु | औषधी उपचार | रु. २५,०००।- | आर्थिक रुपमा विपन्न परिवार |
| ४. | सुजन खत्री | गोकुलगंगा-२, ठोसे | औषधी उपचार | रु. १२,९००।- | आर्थिक रुपमा विपन्न परिवार |
| ५. | अम्बिका सुनुवार | गोकुलगंगा-३, रस्नालु | औषधी उपचार | रु. १०,०००।- | आर्थिक रुपमा विपन्न परिवार |
| ६. | भिम बहादुर दर्जी | गोकुलगंगा-१, चुचुरे | औषधी उपचार | रु. १०,०००।- | आर्थिक रुपमा विपन्न परिवार |
| ७. | मिलन बि.क. | गोकुलगंगा-४, बेताली | प्राकृतिक विपद, पहिरो | रु. १५,०००।- | - |
| ८. | सिता कुमारी कार्की | गोकुलगंगा गा.पा. | औषधी उपचार | रु. १०,०००।- | आर्थिक रुपमा विपन्न परिवार |

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष